जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १२ • अंक २८० • २०८२ श्रावण १४ गते बुधवार • 30 Jul. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

## नेमुवाटोलका किसान तरकारी खेतीतर्फ आकर्षित

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १३ श्रावण



वर्षौंदेखि माटोमै जीवन बिताएका धनुषाको शहीदनगर नगरपालिका-७ का कृषकको माया माटोमै भएकाले परम्परागत कृषिलाई बिस्तारै आधुनिक र व्यवसायिकतर्फ मोड्दै गइरहेका छन् । शहीदनगर-७ नेमुवाटोलका किसानले परम्परागत कृषि प्रणालीबाट बिस्तारै आधुनिकतातर्फ लैजादै गर्दा अहिले अवस्था फेरिएको छ । खाद्यान्न र अन्नखेतीबाट जीविकोपार्जन चलाउँदै आएका त्याहाँका कृषक ज्ञान, शिक्षा र प्रविधिलाई आत्मसाथ गरेकाले अन्न खेतीसँगै नगदेबाली तरकारी खेतीतर्फ आकर्षित हुन थालेका छन् ।

खेतीयोग्य भूभाग रहेको नेमुवाटोलमा किसानहरु समूहमा आवद्ध भएर व्यवसायिक रुपमै तरकारी खेतीमा लागेका छन् । वर्षा नहुँदा खडेरी परेको अवस्थामा श्रीनवदुर्गा कृषक समूहमा आवद्ध २७ जना किसानहरुले तरकारी खेतीबाट मनग्य आम्दानी गरिरहेका छन् । ६ कठ्ठा क्षेत्रफलमा विभिन्न तरकारी लगाएका श्रीनवदुगा कृषक समूहका अध्यक्ष बिनोद कुमार मण्डलले बर्षेनी ३ लाखसम्मको आम्दानी गरिरहेका छन् । उनीसँगै समूहका सचिव ओमकुमार मण्डलले पनि परम्परागत कृषि प्रणालीबाट बिस्तारै आधुनिकतातर्फ अग्रसर हुँदै बेमौसमी तरकारी खेतीमा लागेका छन् । वर्षमा चार पटकसम्म फूलकोभी फलाउने गरेको ओमले यसपाली भने बेर्ना नै बिग्रेको सुनाए । आफूले फूलकोभी उत्पादनलाई नै प्राथमिकतामा राखेर तरकारी खेती गरिरहेको ओमले सुनाए । बिनोद, ओम जस्तै महिला किसानहरु जुगेश्वरी देवी मण्डल, गीतादेवी रजक लगायतले तरकारी खेती गरेका छन् । केही वर्ष यता व्यवस्थित रुपमा खेती गर्दा उत्पादन वृद्धि हुनुका साथै आम्दानी पनि बढेको उनीहरुको तर्क छ । तरकारी खेती त पहिला पनि गर्दै आएको थिए, समूहका सचिव ओमले भने-तर, व्यवस्थित रुपमा गर्न सकिएको थिएन् । रसायनिक मलको प्रयोग गरेर उत्पादन गरिएको तरकारी आफ्नो भान्छासँगै बजारसम्म पुर्याउँथे । अहिले रासायनिक मलको प्रयोग गरेर उत्पादन गरिएको तरकारी विषादी रहेको जानकारी पाएपछि प्राङगारिक मलको प्रयोगमा जोड दिन थालेको ओमको भनाइ छ । उनीहरुको खेतीप्रतिको सोचमा परिवर्तन ल्याउन आसमान नेपालले संचालन गरेको सामूदायिक सशक्तिकरण तथा विकासका लागि स्थानीय प्रयास परियोजना प्रभावकारी बनेको छ । लुथरन वर्ल्ड फेडरेशन (एलडब्लुएफ) को आर्थिक तथा प्राविधिक सहयोगमा आसमान नेपालले संचालन गरेको परियोजना अन्तर्गत शहीदनगर नगरपालिकाको वडा नं. ७ मै कृषकहरुको समूह गठन गरेर उनीहरुलाई नगदे बाली तरकारी खेती गर्न प्रोत्साहित गरेका छन् । तरकारी खेतीतर्फ लागेपछि उनीहरुले मनग्य आम्दानी गर्न थालेका हुन् ।

पहिले र अहिलेको खेतीमा धेरै परिवर्तन भएको छ, समूहका अध्यक्ष बिनोदले भने-अहिले मेसिन प्रविधि भएकाले खेतीमा धेरै अन्तर छ । 'पहिला उन्नत बीउबिजन तथा प्रणालीबारे जानकारी थिएन, अहिले विभिन्न औजारको माध्यमबाट सहज रुपमा खेती गर्न सकिन्छ,' उनले भने, 'पहिला र अहिलेको खेतीमा धेरै फरक आइसकेको छ । हजारी, स्प्रे मेशिन लगायतको उन्नत जातको बीउ, सिचाईका लागि बोरिङ र हैण्डपाइप जडान गर्न आसमान नेपालले सहयोग गरेको बिनोदले सुनाए । समूहमा लागेका सबै किसानले आफ्नो जग्गा र जग्गा नरहेकाले भाडामा लिएर तरकारी खेती गरेको बिनोदले बताए । सिचाई अभावमा मधेशको प्रमुख बाली धानखेती लगाउन किसानलाई समस्या भइरहेका बेला शहीदनगर नगरपालिकाका किसानहरु तरकारी खेतीतर्फ आकर्षित हुनु सकारात्मक रहेको नगर उपप्रमुख सुनिताकुमारी सिंहले बताइन् । पालिकाले किसानको लागि सन्तोषजनक सहयोग गर्न नसकेको स्वीकार गर्दै उनले सहयोगी संस्थाहरुले गरेको सहयोगप्रति आभार व्यक्त गरिन् । अन्नबालीबाट ६ महिनामा पैसा आउथ्यो खर्च बढ्दै गएकाले सोको परिपूर्ति गर्न तरकारी खेतीबाटै जीविकोपार्जन पनि सहज भएको महिला कृषक जुगेश्वरीदेवी मण्डलले भनिन् । 'दैनिक रुपमा बिक्री हुने भएकाले खर्च कटाएर केही रकम बचाउन पनि सफल भएको छु,' कृषक मण्डलले भनिन । मौसमअनुसार उनीहरुले कोभी, लौका, करेला, बोडी, भिण्डी, घिरौला, खुर्सानी, झिमनी, साग, मुलालगायत तरकारी खेती गर्दै आएका छन् । किसानहरुले उत्पादन गरेको तरकारी खेतबाटै व्यापारीहरुले लैजान गरेका छन् । व्यापारीहरुलाई विक्रि गर्नका लागि खेत नजिकै तरकारीबाली संकलन केन्द्र निर्माण गरिएको आसमान नेपालका कार्यक्रम व्यवस्थापक बिजयकुमार यादवले बताए ।

संकलन केन्द्रमा जम्मा गरेको तरकारी धनौजी गाउँपालिकासम्मका व्यापारीहरु खरिद गर्न आउने गरेको वडा नं. ७ का वडासदस्य हेवलदेवी खत्वेले बताइन् । समूहमा आवद्ध किसानहरुले लगाएको तरकारी खेतीको मंगलबार अनुगमन गरिएको छ । शहीदनगर नगरपालिकाका नगर उपप्रमुख सुनिताकुमारी सिंहको नेतृत्वमा गरिएको अनुगमन टोलीमा आसमान नेपालका कोषाध्यक्ष रेखा यादव, प्रभा यादव लगायतको उपस्थिति रहेको थियो । टोलीले आसमान नेपालको आर्थिक सहयोगमा स्वरोजगार बनेका अपांगता भएका नागरिकहरुको व्यवसायको पनि अनुगमन गरिएको थियो ।

"Education Is The Light Of Life"
NAME
COACHING & TRAINING CENTER PVT. LTD.
Janakpurdham-4, (Shantinagar)
(विश्वकर्मा चौक देखि संकटमोचन स्कूल जाने बाटोमा)
Our Running Programme

| Computer Class & English Language | Coaching Class | Tuition Class | Entrance Preparation | Bridge Course |
|---|---|---|---|---|
| | 6,7,8,9,10 | +2 Science<br>+2 Management | • H.A.<br>• Staff Nurse<br>• D-Pharmarcy<br>• CMLT (Lab)<br>• Opthalmic Science<br>• Diploma in Civil, Electrical Mechanical Engineering<br>• Lab Technician | • Science<br>• Management<br>• CMAT Preparation |

लोक सेवा आयोग
(१) खरिदार,ना.सु., अधिकृत (३) शिक्षक सेवा (५) शिक्षा सेवा (७) स्वास्थ्य सेवा
(२) प्रहरी सेवा (४) बैंक सेवा (६) महिला विकास (८) प्राविधिक सेवा

हाम्रो विशेषताहरू
१. दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाद्वारा मनोवैज्ञानिक तरिकाबाट कक्षा संचालन
२. Computer Class को व्यवस्था
३. अंग्रेजी र नेपाली दुवै माध्यममा अध्ययन अध्यापनको व्यवस्था
४. बिहान र बेलुका दुवै समयमा अध्ययन अध्यापनको व्यवस्था
५. प्रत्येक महिनामा अन्तयमा Monthly Test को व्यवस्था र प्रथम, द्वितिय र तृतिय हुनेलाई पुरस्कारको व्यवस्था ।
६. प्रत्येक कक्षामा सि.सि.टि.भि. क्यामरा द्वारा अनुगमन तथा प्रोजेक्टर द्वारा पठन पाठन गराइने
७. प्रत्येक शुक्रवार Revise Class को व्यवस्था
८. कमजोर विद्यार्थीहरुका लागि विशेष कक्षाको व्यवस्था
९. गरीब,दलित, शहीद परिवार, अपाङ्ग विद्यार्थीहरुका लागि विशेष छुटको व्यवस्था
१०. प्रत्येक विद्यालयका प्रथम, द्वितिय र तृतीय विद्यार्थीलाई विशेष छुटको व्यवस्था
११. प्रत्येक शनिवार कुनैपनि विद्यार्थीले न्यूनतम शुल्कमा लोकसेवा आयोगको परिक्षा दिई Feed back कक्षा लिन पाउने सुविधा
१२. Free Wifi को व्यवस्था
१३. Hostel तथा यातायातको व्यवस्था ।
9854025530 / 9824885783

## संघीय सरकारसँग बोरिङ प्रणाली स्थापनाका लागि बजेट मांग

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १३ श्रावण



महोत्तरी क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य सांसद लक्ष्मी महतो कोईरीले जिल्लाको विभिन्न नगरपालिकामा शुद्ध र स्थायी खानेपानी सेवा सुनिश्चित गर्न संघीय सरकारसँग बोरिङ प्रणाली स्थापनाका लागि बजेट मांग गरेका छन् । गौशाला नगरपालिका वडा नं. १ देखि १२ सम्म, बर्दिवास नगरपालिका वडा नं. १ देखि १४ सम्म र भंगाहा नगरपालिका वडा नं. ३, ४, ५ तथा ९ सम्म खानेपानीको समस्या दीर्घकाल देखि रहँदै आएको छ ।

सोही समस्यालाई सम्बोधन गर्दै सांसद कोईरीले संघीय सरकारअन्तर्गत खानेपानी मन्त्री प्रदीप यादव समक्ष आवश्यक ४ इञ्च र ६ इञ्च व्यासका बोरिङ निर्माण गर्न प्रस्ताव पेश गरेका हुन् ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence




## उपभोक्ताको जीवनसँग खेलबाड हुनु भएन

हरेक वर्ष विकास निर्माणमा हुने खर्च र टिकाउपनको मूल्यांकन गर्दा थाहा हुन्छ, विकास दीर्घकालीन सोचका लागि गरिन्छ कि बजेट सक्नको लागी ? विकासको गतिमा भने हामीले अनेक चुनौतीको सामना गर्नु परेको देखिन्छ। अस्थिर राजनीतिक व्यवस्था र कमजोर शासकीय संरचनाले गर्दा जनताले आधारभूत आवश्यकताहरूमा समेत गुणस्तरहीन अनुभव गरिरहेको देखिन्छ। संविधानको धारा ४४ मा उपभोक्ताको हक जसमा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने हक हुनेछ र गुणस्तरहीन वस्तु र सेवाबाट क्षति पुगेका व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भनेर संविधानमै स्पष्ट व्यवस्था रहेको देखिन्छ। निम्न गुणस्तरका सामान, औषधि, खाद्य पदार्थ, तरकारी र सेवादेखि लिएर अव्यवस्थित पूर्वाधार विकाससम्मका समस्याले जीवनलाई कठिन बनाइरहेको देखिन्छ। यी समस्यालाई नियन्त्रण गर्न कुनै प्रभावकारी अनुगमन प्रणाली नहुनुले स्थिति झन् जटिल बनेको देखिन्छ।

यस्ता समस्याहरूको समाधान कसले गर्ला त ? गुणस्तरीय कायम गर्न र नभएका लागि नियमन गर्न कानुन, निकाय र व्यवस्था नभएको भने होइन, केवल कार्यान्वयन मात्र नभएको देखिन्छ। उपभोक्ताहरू गुणस्तरीय सेवा र उपभोग्य सामग्रीबाट नठगिऊन् र यदि कसैले ठगेमा ठगीविरुद्ध कडारूपमा उत्रिन सरकारले उपभोक्ता अदालतको गठनसमेत गरेको देखिन्छ। जुन अत्यन्तै अग्रगामी र सकारात्मक विषय बनेको देखिन्छ। अन्य विद्यमान कानुन र निकायजस्तै उपभोक्ता अदालत पनि गठन मात्रै नहोस्, काम देखाओस्, उपभोक्ताको जीवनसँग खेलबाड गर्नेहरूलाई कानुनको कठघरामा उभ्याएर सख्त कारबाही गरेको यिनै आँखाले देख्न र कानले सुन्न पाइयोस् भने हामी जनताले आश लगाएर बसेका छौं।

# हालसम्म मधेश प्रदेशमा जम्मा ४७ प्रतिशत मात्र धान रोपाइँ सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १३ श्रावण**



देशको अन्न भण्डारका रूपमा चिनिने मधेश प्रदेश यस वर्षको प्रतिकूल मनसुनका कारण गम्भीर संकटमा परेको छ। लामो समयदेखि वर्षा नहुनुका कारण धान रोपाइँ कार्य अत्यन्त प्रभावित भएको छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका अनुसार हालसम्म मधेश प्रदेशमा जम्मा ४७ प्रतिशत मात्र धान रोपाइँ सम्पन्न भएको छ।

विशेष गरी महोत्तरी जिल्लामा अवस्था झनै भयावह देखिएको छ, जहाँ अहिलेसम्म केवल ३० प्रतिशत मात्र रोपाइँ सम्पन्न भएको कृषि ज्ञान केन्द्र महोत्तरीले जनाएको छ। खेतहरूमा पानी नपरेपछि माटो फुट्न थालेको र बिउ सुक्न थालेको स्थानीय किसानहरूले बताएका छन्। औरही नगरपालिका-२ का किसान दिनेश यादव भन्छन्, । "खेत सुकेर चिरा परेको छ, सिँचाइको कुनै सुविधा छैन। यति बेला पानी नपरे धान रोप्न सकिन्न, खाद्यान्नको चरम अभाव आउने खतरा छ।" सिंचाइका वैकल्पिक उपाय नभएकाले किसानहरू पानी ट्यांकरको भर पर्न बाध्य छन्। तर त्यो पनि पर्याप्त छैन। पानीको चरम अभावले गर्दा खेत खालि राख्नुपर्ने अवस्था आएको यादवको भनाइ छ।

स्थिति गम्भीर बन्दै गएपछि संघीय सरकारले मधेशलाई आगामी तीन महिनाका लागि विपद् क्षेत्र घोषणा गरिसकेको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले केही दिनअघि सुक्खा प्रभावित क्षेत्रहरूको स्थलगत निरीक्षणसमेत गरेका थिए। तर किसानहरूले भने सरकारी राहत र सहयोग कार्यक्रम प्रभावकारी नदेखिएको गुनासो गरेका छन्। औरही नगरपालिका कृषि शाखा प्रमुख कविता बिष्ट भन्छिन्,"हामी स्थानीय तहबाट राहत तथा सिँचाइको लागि पहल गर्दैछौं। तर संघ र प्रदेश सरकारबाट समयमै ठोस सहायता नआउँदा किसानहरूको पीडा बढ्दो छ।" बिष्टका अनुसार कृषकहरूको बिउ, मल र डोजरका लागि तत्काल सहायताको खाँचो छ। यदि अबको केही दिनभित्र वर्षा नपरे, सिँचाइको वैकल्पिक उपाय ननिकाले, भने वर्षभरिका लागि खाद्यान्न संकट सिर्जना हुनसक्ने चिन्ता व्यक्त गरिएको छ। यसैबीच, कृषि ज्ञान केन्द्र महोत्तरीले समेत सिञ्चाइका लागि आकस्मिक योजना आवश्यक रहेको बताएको छ। केन्द्रले प्रभावित क्षेत्रमा डिप बोरिङ, पानी ट्यांकर,डोजर सहयोग र राहत प्याकेज तुरुन्त उपलब्ध गराउन सरकारसँग आग्रह गरेको छ।

# साउन महिनामा मासुको बिक्री कम



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १३ श्रावण**

औरही नगरपालिका १ औरही बजारमा मासु व्यापार गर्दै आएका व्यापारीहरूले साउन महिनामा मासुको बिक्री आधाले घटेको बताएका छन्। हिन्दु धर्म का अनुसार साउनलाई शिवको पवित्र महिना मानिने भएकाले मासुमाछा नखाने चलन बढेसँगै मासु व्यवसायमा गम्भीर असर परेको छ। मोतिबुल लहेरी, जो लामो समयदेखि खसी र कुखुराको मासु बिक्री गर्दै आएका छन्, भन्छन्,"अन्य समयमा दैनिक खसी ३ ओटा र कुखुरा ५० वटा कुखुरा बिक्री हुन्थ्यो, तर अहिले दैनिक खसी १ ओटा र कुखुरा १० पनि बिक्री गर्न मुश्किल छ। सोमबार त झन् बिक्री अत्यन्तै कम भयो।

"उनले साउन महिनामा मासु व्यापारमा निरन्तर कमी देखिएको र यस वर्ष अझै त्यो कमी बढेको बताए। साउन महिनालाई चोखो, पवित्र र व्रतवन्धको समय मानिएपछि धेरैले मासुमाछा नखाने र व्रत बस्ने भएकाले मासु व्यवसायमा यो असर परेको छ। साथै, बिहे, भोजजस्ता कार्यक्रमहरू पनि नहुँदा व्यापारमा थप कमी आएको छ। औरही नगरपालिका १ का अर्का मासु व्यापारी जाबिर लहेरीका अनुसार पनि मासुको बिक्री असार महिनासम्म दैनिक खसीको मासु ५० देखि १०० किलो पुग्थ्यो, अहिले त्यो ३०-४० किलोसम्म झरेको छ।





अनुरोधकर्ता
मटिहानी नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश


## तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: अनावश्यक चिन्ता
मिथून: शुभ कार्यको शुरुवात
कर्कट: अनावश्यक खर्चको संभावना
सिंह: लामो यात्राको योग छ
कन्या: पिछडेको साथी मिल्ने
तुला: खानपानमा समस्या आउने
वृश्चिक: विचार गरेर बोल्नुहोला
धनु: पढाईमा ध्यान दिनुपर्ने
मकर: मित्रतामा फाटो आउने
कूम्भ: मनमा पछुतो आउने
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# भोकलाई युद्धको हतियार नबनाउन महासचिव गुटेरेसको आग्रह

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १३ श्रावण



इथियोपियाको राजधानी आदिस अबाबामा सम्पन्न खाद्य प्रणालीसम्बन्धी एक अन्तर्राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले 'भोकलाई कहिल्यै पनि युद्धको हतियारको रूपमा प्रयोग' गर्न नहुने स्पष्ट रूपमा उल्लेख गरेका छन्।

हाल अफ्रिका महादेशमा करिब २८ करोड मानिस भोक, कुपोषण र भोकमरीको गम्भीर जोखिममा छन्। गुटेरेसले भिडियो सन्देशमार्फत सम्मेलनमा सम्बोधन गर्दै भने, "भोकले अशान्ति फैलाउँछ र स्थायित्वमा बाधा पुऱ्याउँछ। त्यसैले हामीले भोकलाई कहिल्यै पनि द्वन्द्वको माध्यम बनाउने कुरा स्वीकार गर्नु हुँदैन।" उनले जलवायु परिवर्तनका कारण बाली उत्पादनमा समस्या, आपूर्ति प्रणालीमा अवरोध, र मानवीय सहायता प्रभावित भएको कुरामा पनि चिन्ता व्यक्त गरे। गुटेरेसले गाजामा जारी द्वन्द्वका कारण अहिले त्यहाँको जनसंख्या गम्भीर संकटमा परिरहेको बताए । दुई करोडभन्दा बढी जनसंख्या भोकमरी र कुपोषणको चपेटामा परिरहेको छ। इजरायलले गाजामा गत मार्चदेखि पूर्ण नाकाबन्दी लगाएपछि अवस्था झन् जटिल भएको छ। यद्यपि, पछिल्लो समयमा केही राहत सामग्री जान थाले पनि सयभन्दा बढी सहायता संस्थाहरूले 'गम्भीर भोकमरी' फैलिरहेको चेतावनी दिएका छन्।

# 'सितारे जमीन पर'लाई सीधै युट्युबमा रिलिज गर्ने आमिर खानको निर्णय

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १३ श्रावण



बलिउड अभिनेता तथा निर्माता आमिर खानले आफ्नो पछिल्लो सुपरहिट फिल्म 'सितारे जमीन पर'लाई सीधै युट्युबमा रिलिज गर्ने भएका छन्। दर्शकले १०० रुपैयाँ भारु (१६० रुपैयाँ नेरु) तिरेर यो फिल्म युट्युबमा हेर्न सक्नेछन्।

'मूभिज-अन-डिमान्ड' मोडलमा यो फिल्मलाई रिलिज गर्न लागिएको आमिरलाई उध्दृत गर्दै भेराइटी म्यागजिनले उल्लेख गरेको छ। विश्वब्यापी ३० मिलियन डलरको कमाइ गरेको यो फिल्म दर्शकले युट्युबमा भारतसहित ३८ अन्तर्राष्ट्रिय बजारमा हेर्न सक्नेछन्। 'लगभग १५ वर्ष पहिले, मैले महसुस गरें कि हाम्रा सबैभन्दा सफल फिल्महरू जस्तै 'थ्री इडियट्स' वा 'दंगल', थिएटरमा हेर्ने मानिसको तथ्याङ्क जनसंख्याको लगभग २-३% हो' खानले भेराइटीलाई भने, 'त्यसोभए मेरो मनमा आएको अर्को विचार के हो भने, हामी बाँकी ९७-९८% सम्म कसरी पुग्ने ?' भारतीय मिडियाको परिदृश्यमा देखिएका थुप्रै प्राविधिक र व्यवहारिक परिवर्तनको बाबजुद आमिर खानले यो परीक्षण गर्न लागेका हुन्। गत महिना उनले यो फिल्मलाई ओटीटीमा रिलिज नगर्ने बताएका थिए। युट्युबमा रिलिज गर्ने उनको यो निर्णयलाई ओटीटीलाई उनको चुनौतीको रुपमा हेरिएको छ। खानले डिजिटल भुक्तानी र इन्टरनेटको बढ्दो पहुँच, स्मार्टफोन र स्मार्ट टिभीको प्रसारजस्ता कुराले यो निर्णयलाई व्यवहारिकरुपमा सफल बनाउने बताए।

'भारत इलेक्ट्रोनिक भुक्तानीमा नम्बर १ देश हो। लगभग सबैले भुक्तानी गर्न विभिन्न एपहरू प्रयोग गर्छन्' खानले टिप्पणी गरे, 'पहिले इन्टरनेट पहुँच त्यति बलियो थिएन। आज, यो धेरै बलियो छ र बलियो हुँदै गइरहेको छ।'

# आजका लागि यस्तो छ विदेशी मुद्राको विनिमय दर

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १३ श्रावण



नेपाल राष्ट्र बैंकले आजका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १३८ रुपैयाँ ३७ पैसा र बिक्रीदर १३८ रुपैयाँ ९७ पैसा निर्धारण गरिएको छ।

युरोपियन युरो एकको खरिददर १६१ रुपैयाँ २१ पैसा र बिक्रीदर १६१ रुपैयाँ ९१ पैसा, यूके पाउण्ड स्ट्रलिङ एकको खरिददर १८५ रुपैयाँ ६२ पैसा र बिक्रीदर १८६ रुपैयाँ ४३ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १७२ रुपैयाँ ७० पैसा र बिक्रीदर १७३ रुपैयाँ ४५ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ९० रुपैयाँ ३१ पैसा र बिक्रीदर ९१ रुपैयाँ ७० पैसा, क्यानेडियन डलर एकको खरिददर १०० रुपैयाँ ७८ पैसा र बिक्रीदर १०१ रुपैयाँ २२ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०७ रुपैयाँ ७२ पैसा र बक्रीदर १०८ रुपैयाँ १९ पैसा तोकिएको छ। जापानी येन १० को खरिददर नौ रुपैयाँ ३२ पैसा र बिक्रीदर नौ रुपैयाँ ३६ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ २९ पैसा र बिक्रीदर १९ रुपैयाँ ३७ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ८९ पैसा र बिक्रीदर ३७ रुपैयाँ पाँच पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ९६ पैसा र बिक्रीदर ३८ रुपैयाँ १२ पैसा कायम भएको छ। केन्द्रीय बैंकका अनुसार थाइभाट एकको खरिददर चार रुपैयाँ २७ पैसा र बिक्रीदर चार रुपैयाँ २९ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ ६७ पैसा र बिक्रीदर ३७ रुपैयाँ ८४ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३२ रुपैयाँ ७० पैसा र बिक्रीदर ३२ रुपैयाँ ८५ पैसा, साउथ कोरियन वन १०० को खरिददर नौ रुपैयाँ ९८ पैसा र बिक्रीदर १० रुपैयाँ तीन पैसा, स्वीडिस क्रोनर एकको खरिददर १४ रुपैयाँ ४५ पैसा र बिक्रीदर १४ रुपैयाँ ५१ पैसा र डेनिस क्रोनर एकको खरिददर २१ रुपैयाँ ६० पैसा र बिक्रीदर २१ रुपैयाँ ७० पैसा तोकिएको छ।

# एकै टुरमा सबै टस र खेल जित्दै अस्ट्रेलियाको कीर्तिमान

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १३ श्रावण




अस्ट्रेलिया क्रिकेट टोलीले मंगलबार वेस्ट इन्डिजसँगको ५ खेलको टी-२०आई शृंखलामा ५-० को क्लिन स्वीप गऱ्यो। यो अस्ट्रेलियाको पहिलो ५-० शृंखला जित थियो भने वेस्ट इन्डिज पहिलोपटक ५-० ले पराजित भएको थियो।

अस्ट्रेलियाले टी-२०आई शृंखलाअघि ३ खेलको टेस्ट शृंखला पनि जितेको थियो। टेस्ट वरियामा नम्बर एकमा रहेको अस्ट्रेलिया विश्वकै उत्कृष्ट टेस्ट टिम मानिन्छ र सो लय अस्ट्रेलियाले वेस्ट इन्डिजमा पनि जारी राख्यो। अस्ट्रेलियाले समग्रमा वेस्ट इन्डिजसँगको ८ खेल जित्यो, जुन् हिसाबले अस्ट्रेलियाले यो टुर नै क्लिन स्वीप गऱ्यो भन्न सकिन्छ। खेलहरू त अस्ट्रेलियाले जित्यो नै, त्यसबाहेक अस्ट्रेलियाले यो शृंखलामा अर्को एउटा कुरामा पनि ८ वटै जित निकालेको छ, त्यो हो टस। यसबीचमा कप्तान मात्र फरक रहे, टेस्टमा प्याट कमिन्स तथा टी-२०आईमा मिचेल मार्शले कप्तानी गरेका थिए। अस्ट्रेलियाले टेस्ट शृंखलाका ३ वटै खेलमा टस जितेको थियो भने टी-२०आई शृंखलामा पनि ५ वटै खेलमा टस जित्यो। क्रिकेट इतिहासमा एकै टुरमा टेस्टमा ३ वटै टस र म्याच तथा टी-२०आईमा ५ वटै टस र म्याच पनि जितिएको यो दुर्लभ एवं पहिलोपटक हो।

टेस्टमा सबै खेलमा टस जितेर ब्याटिङ गरेको अस्ट्रेलियाले टी-२०आईमा भने टस जितेर बलिङ रोजेको थियो। नतिजा भने सबै खेलमा एकपक्षीय नै रह्रुयो। सबैमा अस्ट्रेलिया हावी बन्यो।




अनुरोधकर्ता
जलेश्वर नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
मनरासिस्वा नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

# प्रेस स्वतन्त्रता संविधानको प्रस्तावनामै सीमित रहने जोखिम



-नियुक्ति, कार्यसम्पादन र जवाफदेहितामा सरकारको छाया नपर्ने काउन्सिल गठन हुने सुनिश्चित हुनुपर्छ अनि मात्रै काउन्सिल स्वायत्त हुनेछ, प्रेस स्वतन्त्रतालाई पनि योगदान पुग्छ। अनेकौं आवरण र उपायमार्फत प्रेसलाई नियन्त्रण गर्ने सरकारको प्रयत्न बारम्बार उजागर हुँदै आएको छ। मिडिया काउन्सिल विधेयक एउटा सन्दर्भ हो। विधेयकमार्फत सरकारले काउन्सिलको स्वायत्तता समाप्त पार्ने उद्देश्य राखेको छ र राष्ट्रिय सभाले त्यसलाई मलजल गरेको छ।

मुख्यतः काउन्सिलका अध्यक्षसहितका पदाधिकारीको नियुक्ति र बर्खास्तगीमा हाबी बन्ने सरकारको प्रयत्न छ। यसमार्फत अर्धन्यायिक निकाय काउन्सिललाई आफू अनुकूल चलाउने र अन्ततः प्रेस जगत्माथि हैकम जमाउने गरी राखिएका विधेयकका प्रावधान परिवर्तन नभएमा 'पूर्ण प्रेस स्वतन्त्रता' संविधानको प्रस्तावनामा मात्रै सीमित रहने जोखिम छ। राष्ट्रिय सभाले पारित गरेको विधेयक यतिबेला प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा छलफलका क्रममा रहेकाले विवादित प्रावधान सच्याउने अवसर छ। समितिले प्रेस स्वतन्त्रताको पक्षमा आफूलाई उभ्याउनुपर्छ। यसरी मात्रै संविधानको मर्मको सम्मान हुनेछ। अन्तर्राष्ट्रिय समुदायबीच पनि प्रेस स्वतन्त्रताप्रति व्यक्त गरिने प्रतिबद्धताको ओज रहनेछ। विधेयकको दफा ६ (२) मा काउन्सिलको अध्यक्ष तथा सदस्य नियुक्तिका लागि सिफारिस गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवको संयोजकत्वमा तीन सदस्यीय समिति रहने उल्लेख छ। दफा ९ मा कार्यक्षमताको अभाव, खराब आचरण वा पदीय दायित्व पूरा नगरेको कारण पदबाट हटाउन सक्नेछ। स्वच्छ, स्वतन्त्र र जवाफदेही पत्रकारिताको विकास तथा संरक्षणका लागि स्वायत्त नियामक निकायका रूपमा मिडिया काउन्सिलको स्थापना र सञ्चालन हुने भनिए पनि विधेयकको मूल अभिप्रायः भने काउन्सिललाई मन्त्रालयको शाखा बनाउनेतर्फ केन्द्रित देखिन्छ। किनकि, सचिव संयोजकत्वको समितिले सिफारिस गरेपछि सरकारले नियुक्ति गर्ने र सरकारलाई मन लागेका बेला विधि पुऱ्याएर पदमुक्त गर्ने प्रावधान राखिएको छ। अध्यक्षको पद रिक्त रहेको वा निलम्बनमा रहेको अवस्थामा काउन्सिलमा पदेन सदस्य रहने मन्त्रालयका सहसचिवले बैठकको अध्यक्षता गर्ने भनिएको छ। यसअघि राष्ट्रपतिलाई बुझाउँदै आइएको काउन्सिलको वार्षिक प्रतिवेदन अब मन्त्रालयमा बुझाउनुपर्ने विधेयकमा व्यवस्था गरिएको छ। यस्ता प्रावधानबाट सरकारले कस्तो काउन्सिल खोजेको हो भने संकेत दिन्छ। विद्यमान ऐनमा सर्वोच्चको अवकाश प्राप्त न्यायाधीश वा वरिष्ठ अधिवक्ता वा पत्रपत्रिकाको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट अध्यक्ष हुने प्रावधान छ। तर पार्टी तथा नेतानिकट पत्रकारहरू अध्यक्ष तथा सदस्य हुने क्रम बढ्दै गएपछि काउन्सिलको मर्यादा र प्रतिष्ठा धूमिल हुँदै गएको थियो। विधेयकमा भने सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता पुगेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तहको उपाधि हासिल गरेको र पत्रकारिताको क्षेत्रमा कम्तीमा १५ वर्षको अनुभवसहित सो क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएको व्यक्ति अध्यक्ष हुने प्रावधान छ।

नियुक्ति हुने योग्यतालाई थप ठोस बनाउन खोजिएको भए पनि प्रक्रियामा भने मन्त्रीको चाहना सर्वोपरि हुने प्रावधान भएकाले उल्लेखनीय सुधार हुने सम्भावना न्यून छ। यस्तो स्थितिमा सरकारलाई कमजोर काउन्सिलमार्फत प्रेसमाथि हैकम जमाउन सहज हुनेछ। त्यसैले नियुक्ति, कार्यसम्पादन र जवाफदेहितामा सरकारको छाया नपर्ने काउन्सिल गठन हुने सुनिश्चित हुनुपर्छ। अनि मात्रै काउन्सिल स्वायत्त हुनेछ, प्रेस स्वतन्त्रतालाई पनि योगदान पुग्छ। संविधानमै पूर्ण प्रेस स्वतन्त्रताको सुनिश्चित भएकाले प्रत्यक्ष वा अप्रत्यक्ष ढंगले गरिने अवरोध वा त्यस किसिमको प्रयत्न स्वीकार्य हुन सक्दैन। यो कुनै पत्रकार वा संस्थाले निर्बाध ढंगले काम गर्न पाउने अधिकारसँग मात्रै सम्बन्धित विषय होइन। यो नागरिकको पनि सरोकारको विषय हो। नेपालको संविधानमा मौलिक हकअन्तर्गत नै 'सूचनाको हक' राखिएको छ। जहाँ भनिएको छ- 'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ।' नागरिकको सूचनाको हक त्यतिबेला मात्रै क्रियाशील हुनेछ, जब प्रेस स्वतन्त्रता सुनिश्चित हुनेछ। प्रेस स्वतन्त्रता क्रियाशील बनाउने अनेकौं उपायमध्ये प्रेस काउन्सिलको स्वायत्तता पनि एक हो। किनकि यो संस्थाको स्थापना नै स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा संवर्द्धनका लागि भएको हो। अभ्यासका क्रममा यसले आफ्नो मूल दायित्व पूरा गर्न सक्यो वा सकेन भनेर समीक्षा हुन सक्छ। सुधारका लागि प्रयत्न पनि हुन सक्छ।

विधेयकमार्फत सरकारले भने संस्थामा सुधार होइन, संस्थालाई नै नियन्त्रण गर्न खोजेको देखिन्छ। विश्वभरकै प्रेस स्वतन्त्रताको अनुगमन र अभिलेखन गर्ने संस्था 'रिपोर्टर्स विदाउट बोर्डर्स ( आरएसएफ)' ले राजनीतिक, आर्थिक, कानुनी, सामाजिक-सांस्कृतिक र सुरक्षाका पक्षमा मूल्यांकन गरेर प्रेस स्वतन्त्रताको अवस्था विश्लेषण गर्दै नेपालमा प्रेस स्वतन्त्रता खुम्चिँदै गएको उल्लेख गरेको छ। २०२५ को प्रतिवेदनमा समेटिएका १८० देशमध्ये नेपाल ५५.२ अंकसहित ९० औं स्थानमा झरेको छ। जबकि, २०२४ को प्रतिवेदनमा भने नेपाल ६०.५२ अंकसहित ७४ औं स्थानमा थियो। यस्तो पृष्ठभूमिमा नेपालले प्रेस स्वतन्त्रता सुनिश्चित हुने गरी कानुनी प्रबन्ध गर्नु आवश्यक छ। तर खुम्च्याउनेतर्फ रुचि बढ्दा अन्तर्राष्ट्रिय छवि पनि खस्किने सम्भावना छ। तसर्थ, सरकारी कामकारबाहीप्रति निगरानी र प्रश्न गर्ने अंगसँग जोडिएको नियुक्ति प्रक्रियामा सरकारको संलग्नतालाई अन्त्य गर्नुपर्छ।

साभार : कान्तिपुर।













प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday